०।८

नेपाल सरकार
शिक्षा मन्त्रालय
# बिद्यालय शिक्षक किताबखाना
म्युजियम मार्ग, छाउनी, काठमाण्डौ ।

फोन नं.:- (४२८३०२३
(४६७०७५७
(४६७२८२३
फ्याक्सः- (४२८४९००

प.सं.०७२/७३ प्रशासन
च.नं. २५८६

मितिः- २०७२-११-०३

**विषयः- सम्पत्ति विवरण वुझाउने बारे**

श्री जिल्ला शिक्षा कार्यालय
७५/सवै ।

भ्रष्टाचार निवारण ऐन,२०५९

दफा ५० सम्पत्ति विवरण सम्बन्धी व्यवस्था : (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्षपेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्पत्तिको विवरण पेश गर्न नसक्ने सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो विवरण पेश गर्न नसक्नाको कारण सहित उल्लेख गरी म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थप दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थप गरेको म्यादभित्र पनि सम्पत्तिको विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिबाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम पेश हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ । तर यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिनेछ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ५० को उपरोक्त प्रावधान अनुसार २०७२ साउन १ गते देखी ताँहा नियुक्ति भएका शिक्षकहरुको सम्पत्ति विवरण यस विद्यालय शिक्षक किताबखानामा वुझाउनु पर्ने कानुनी प्रावधान अनुसार पुनः तर ताकेता गर्न नपर्ने गरी नियमित रुपमा खामवन्दी सम्पत्ति विवरणहरु यस कार्यालयमा पठाउनु हुन सम्वन्धित शिक्षक तथा ताहाँ कार्यालयमा अनुरोध गरिन्छ ।

(शेरबहादुर ढुङ्गाना)
महानिर्देशक